खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

**अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,**
**भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली, जापानिज र सजिलो जापानिज**

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी, खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

## Zoom को माध्यमबाट रमाइलो अनलाइन "वाईवाई" अन्तर्राष्ट्रिय संस्कृति आदानप्रदान कार्यक्रम



【मिति】२०२१ साल डिसेम्बेर १८ तारिख (शनिबार) दिउँसो २:०० देखि २:४० सम्म
【सहभागी रकम】 नि:शुल्क
【लक्षित संख्या】 २० जना सम्म
【आवेदन दिने तरिका】 ईमेल मार्फत ※डिसेम्बेर १३ तारिख सम्मआवेदन दिनुहोस्।
【बिषय】 तपाईहरुको देशमा क्रिसमस तथा नयाँ वर्ष मनाउने तरिकाहरु बारे हामीलाई बताउनुहोस्।
【सहभागिताका फाइदाहरू】 प्रश्नावलीको जवाफ दिने सहभागीहरूले उपहार स्वरुप क्रिसमस अथवा नयाँ वर्षमा पकाइने खानाको रेसिपी पाउनुहुनेछ।
【सम्पर्क】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्र **फोन नं : 044-455-8811 ईमेल : soudan39@kian.or.jp**



## विदेशी तथा विदेशसँग जोडिएको बच्चाहरुको लागि प्राथमिक विद्यालय भर्ना सम्बन्धित जानकारी कार्यक्रम





"जापानको प्राथमिक विद्यालय भनेको कस्तो ठाउँ हो? " "जापानिज भाषा नबुझ्ने हुनाले विद्यालयको भर्ना सम्बन्धित जानकारी कार्यक्रममा गए पनि केहि बुझ्दिन..." जस्ता प्राथमिक विद्यालय भर्ना सम्बन्धि चिन्ता तथा प्रश्नहरूको उत्तर दिई मद्दत गर्छौं। जापानको प्राथमिक विद्यालय बारेमा पूर्व प्रधानाध्यापकको कुराहरु सुन्नेछौँ र भिडियो तथा गाइडबुक (बहुभाषी र खान्जिको माथि हिरागाना लेखेको) हेर्दै विद्यार्थी जीवन र भर्नाको लागि के-के तयारी गर्ने भनेर व्याख्या गर्नेछौं।

**कार्यक्रम सम्बन्धि विस्तृत जानकारीको लागि होमपेज तथा कार्यक्रमको पर्चा हेर्नुहोस्।**

**【मिति】२०२२ साल जेनेवरी २९ तारिख (शनिबार) दिउँसो १:३० देखि ४:०० सम्म**
**【स्थान】 खावासाकी अन्तरास्ट्रिय केन्द्रको हल**
**【सम्पर्क】 044-435-7000 / परामर्श सेवाको प्रत्यक्ष फोन नं.: 044-455-8811**
**【ईमेल】 soudan39@kian.or.jp**

※भाषा अनुवाद /बच्चा हेरिदिने सुविधा उपलब्ध छ । तर अग्रिम जानकारी गर्न आवश्यक पर्नेछ।

## वर्षको अन्त तथा नयाँ वर्षको बिदाको आपतकालीन क्लिनिक तथा बच्चाहरूको लागि आपतकालीन केन्द्र

**बिदाको बेलामा अचानक ज्वरो आउने जस्ता प्रारम्भिक चिकित्सा सेवा "बिदा आपतकालीन क्लिनिक" मा उपलब्ध छ।**

**उपचारको विषयहरु: आन्तरिक चिकित्सा र बाल रोग**

**बिरामी जाँच्ने दिन: आइतबार / सार्वजनिक बिदाहरू / वर्षको अन्त तथा नयाँ वर्ष** (डिसेम्बर ३० तारिख बाट जनवरी ४ तारिख सम्म)



बिहान **९:३० देखि ११:३०** सम्म र दिउँसो **१:०० देखि** ४:०० सम्म

※बिरामी जाच्ने समय फरक हुन सक्ने भएकोले उपचारको लागि आउनु भन्दा अगाडि कृपया फोन बाट सम्पर्क गरि समयको बारे जानकारी लिनु होस्।

| जापानिज नाम र विदेशी भाषिक नाम | फोन नं र वडा नं | रिसेप्शन तथा बिरामी जाँच्ने समय |
|---|---|---|
| नाम्बु स्योजी क्युब्यो सेन्टर (खावासाकी अस्पताल भित्र )<br>(दक्षिणी भागको बाल आपतकालीन केन्द्र) | 044-233-5521<br>खावासाकी वडा | प्रत्येक साझँ ५:०० देखि अर्को दिनको बिहान ८:३० सम्म रिसेप्शन खुल्ने आइतबार / सार्वजनिक बिदाहरू / वर्षको अन्त तथा नयाँ वर्षमा २४ घण्टा संचालन |
| खावासाकी क्युजिचु क्युखान सिनर्योज्यो<br>(खावासाकी वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-211-6555<br>खावासाकी वडा | |
| साइवाई क्युजिचु क्युखान सिनर्योज्यो<br>(साइवाई वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-555-0885<br>साइवाई वडा | |
| नाकाहारा क्युजिचु क्युखान सिनर्योज्यो<br>(नाकाहारा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-722-7870<br>नाकाहारा वडा | |
| च्यूबु स्योजी क्युब्यो सेन्टर<br>(मध्य भागको बाल आपतकालिन केन्द्र) | 044-733-5181<br>नाकाहारा वडा | प्रत्येक साझँ ६:३० देखि राति ११:००<br>जापानिज चिकित्सक विश्व विद्यालय मुसाशी कोसुगी अस्पताल भित्र |
| ताकाचु क्युजिचु क्युखान सिनर्योज्यो<br>(ताकाचु वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-811-9300<br>ताकाचु वडा | |
| मियामाए क्युजिचु क्युखान सिनर्योज्यो<br>(मियामाए बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-853-2133<br>मियामाए वडा | |
| तामा क्युजिचु क्युखान सिनर्योज्यो<br>(तामा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-933-1120<br>तामा वडा | बिहान ९:३० देखि ११:३० सम्म र दिउँसो १:०० देखि ४:०० सम्म (आन्तरिक चिकित्सा, बाल रोग)प्रत्येक साझँ ६:३० देखि राति १०:३० सम्म (आन्तरिक चिकित्सा) |
| होकुबु स्योजी क्युब्यो सेन्टर<br>(उत्तरी भागको बाल आपतकालिन केन्द्र) | 044-933-1120<br>तामा वडा | प्रत्येक साझँ ६:३० देखि अर्को दिनको बिहान ५:००(बाल रोग) |
| आसाओ क्युजिचु क्युखान सिनर्योज्यो<br>(आसो वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-966-2133<br>आसाओ वडा | |

**आपतकालीन चिकित्सा सूचना केन्द्र** (दन्त चिकित्साको जानकारी अथवा चिकित्सक परामर्श बाहेकको अन्य चिकित्सा २४ घण्टा संचालन)　**फोन नं.: 044-739-1919**

## पुस्तकालय / कागजपत्रहरु राखिने कोठामा नयाँ विदेशी भाषिक कमिक थपिएको छ!

कमिक-फ्यानहरु तथा भाषा प्रेमीहरुले नछुत्ताउनु होस्!

अन्तर्राष्ट्रिय स्तरमा लोकप्रिय जापानिज माङ्गाहरु अंग्रेजी, डेनिस, इटालियन, जर्मन, स्पेनिश, आदि विभिन्न भाषाहरुमा अनुवाद गरिएर राखिएको छ।

साथै "ड्रागन बल", "नारुतो", "यु-गी-ओउ", "क्याप्टेन चुबासा" आदि जस्ता विदेशी भाषाका कमिकहरू पनि राखिएको छ। कृपया आएर हेर्नुहोस्। पुस्तकालय खावासाकी अन्तरास्ट्रिय केन्द्रको दोस्रो तल्लामा छ।




## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि:शुल्क)**

जुलाई १ देखि ZOOM प्रयोग गरेर अनलाइन परामर्श शुरु भएको छ !

होमपेजबाट बुकिंग गर्नुहोस्।

＊परामर्शको समय: बिहान ९ बजे देखि ५ बजे सम्म (दिउँसो खाजा खाने समयमा पनि सेवा उपलब्ध छ)

＊परामर्शको प्रत्यक्ष फोन नं.: **044-455-8811**

सम्बन्धित भाषाको सल्लाहकार नभएको बारहरुमा पनि फोन मार्फत परामर्शको व्यवस्था छ।

**अनलाइन परामर्शको लागि आवेदन दिने पेज**

**खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको होमपेज**

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| चिनियाँ | सोमबार देखि शनिबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

**＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा**

**(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध हुने भएतापनि अन्य भाषाहरु को अनुवादको लागि बुकिंग गर्न सक्नुहुन्छ।)**

मिति र समय : २०२१ साल डिसेम्बेर १९ तारिख (आइतबार) र २०२२ साल जेनवरी १६ तारिख (आइतबार)　दिउँसो २ बजे देखि ४ बजे सम्म

स्थान　: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा